# त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. ८२८।०७७।०७८

०७८।३।२३

श्रीमान् विभागिय । क्याम्पस प्रमुख ज्यू ,
.........................केन्द्रिय विभाग । क्याम्पस
.................................

विषय : **श्री कृष्णचन्द्र रेग्मी पुरस्कार बारे ।**

उपरोक्त विषयमा त्रि.वि. समन्वय महाशाखाको प.स.च.न. १४३१।०७७ मिति ०७८।३।२० को पत्र यस कार्यालयमा प्राप्त हुन आएको छ । सो पत्रानुसार त्रि.वि. वाट वार्षिक रुपमा प्रदान गरिने श्री कृष्णचन्द्र रेग्मी पुरस्कारका लागि नाम सिफारिस गरि पठाउन अनुरोध गरिए अनुसार संलग्न सूचना बमोजिम उक्त पुरस्कारका लागि त्यस केन्द्रिय विभाग तथा क्याम्पसवाट २ जना उत्कृष्ट ( ०७६।०७७ १ जना र ०७७।०७८ मा १ जना) विद्यार्थीको थेसिस , शैक्षिक प्रमाणपत्र तथा वायोडाटा सहित नाम सिफारिस गरि २०७८।४।५ भित्र यस कार्यालयमा पठाइदिनु अनुरोध गर्दछु ।

.................................
सह प्रा.डा. खगेश्वर मण्डल
सहायक डीन

त्रिभुवन विश्वविद्यालय

# शिक्षाध्यक्षको कार्यालय

## समन्वय महाशाखाको

# पुरस्कार सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थान/संकाय अन्तर्गत २०७५ साल साउन देखि २०७६ असार मसान्तसम्म र २०७६ साल साउन देखि २०७७ असार मसान्तसम्ममा स्नातकोत्तर तह उत्तीर्ण गरी शोधकार्य सम्पन्न गरेका मध्येबाट उत्कृष्ट शोधकार्य ठहर भएका ३/३ जना गरी ६ जना विद्यार्थीलाई त्रि.वि. वार्षिक दिवसका अवसरमा प्रदान गर्ने भनिएता पनि विशेष परिस्थितिले गर्दा पछि अनुकुल समयमा देहाय बमोजिमको नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने व्यवस्था भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित डीन कार्यालय मार्फत दुई/दुई प्रति शोधपत्र, व्यक्तिगत विवरण, पासपोर्ट साईजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि (स्नातकोत्तर तहको ट्रान्सक्रृप्ट) समेत संलग्न गरी यस महाशाखामा आवेदन दिनको लागियो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्तहुने आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अवगत गराउँदै आवेदन साथ प्राप्त शोधपत्रहरु मूल्यांकन पछि उत्कृष्ट ठहरिएकोलाई पुरस्कृत गरिने र अन्य शोधपत्रहरु फिर्ता गरिनेछ। पुरस्कार सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार त्रि.वि. मा सुरक्षित रहने छ।

१. **श्री कृष्णचन्द्र रेग्मी पुरस्कार - कोटा - १**

क) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र र कानून संकाय अन्तर्गतका विद्यार्थीहरुले "नेपाल सम्बन्धी" विषयमा शोधकार्य गरी स्नातकोत्तर उत्तीर्ण गरेको हुनु पर्ने।

ख) पुरस्कारको राशी जनही रु. ५,०००।- (अक्षरेपी पाँचहजार रुपैयाँ मात्र)

२. **श्री महेशचन्द्र मनदेवी रेग्मी पुरस्कार - कोटा - १**

क) मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत अर्थशास्त्र तथा इतिहास विषयमा शोधकार्य तयार गरेको हुनु पर्ने।

ख) पुरस्कारको राशी जनही रु. २०,००१।- (अक्षरेपी बीस हजार एक रुपैयाँ मात्र)

३. **श्री बाबुकृष्ण रिजाल पुरस्कार - कोटा - १**

क) मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली, इतिहास, संस्कृति र पुरातत्व विषयमा उत्कृष्ट शोधकार्य गरी प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको हुनु पर्ने।

ख) पुरस्कार राशी जनही रु. २५,००१।- (अक्षरेपी पच्चिस हजार एक रुपैया मात्र)

*सम्पर्क*

*समन्वय महाशाखा, त्रि.वि., कीर्तिपुर, फोन नं. ०१४३३१०५४*